(दफा ४ तथा अनुसुचि १ को भाग २ सँग सम्बन्धित)

रामप्रसादराई गाँउपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्या ०३ मितिः २०८३/०३/०९

भाग- २

रामप्रसादराई गाँउपालिका

## बाँझो जग्गा व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

आज्ञाले

प्रदिप राई

प्रमुख प्रशासकीय अधिकृत

प्रदिप राई

प्रमुख प्रशासकिय अधिकृत

**रामप्रसादराई गाँउपालिका**

**बाँझो जग्गा व्यवस्थापन कार्यक्रम कार्यन्यवन कार्यविधि २०८३**

**प्रस्तावनाः**

गाँउपालिकाको क्षेत्रभित्रका जन्मस्थानमै रही विकास निर्माणका कार्य तथा आयआर्जनका क्रियाकलापमा संलग्न भई स्वाबलम्बी बन्न इच्छुक गाँउ वासीहरुलाइ रोजगारी उपलब्ध गराइ नागरिकमैत्री विकास गर्ने र आयआर्जन अभिवृद्धि गराउने उदेश्यले र खाद्य संकटबाट जोगाउन रामप्रसादराई गाँउपालिकाका ८ वटै वडामा परम्परागत कृषि प्रविधि र उत्पादन प्रणाली अपनाइ सदियौदेखि खेती गरिएको जमिन मध्ये केही जमिन केही वर्ष बाँझो रहेकोले सो भुमिलाई व्यवस्थित गर्न र पुन उत्पादनमुलक बनाउन आवश्यक भएकोले सोको व्यवस्थापन गर्ने आगामी वर्षहरुमा रामप्रसादराई गाँउपालिकालाई कृषिमा आत्मनिर्भर गराउने हेतुले रामप्रसादराई गाँउपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी गाँउकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

परिच्छेद-१

**प्रारम्भिक**

**१. कार्यक्रम संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम 'बाँझो जग्गा व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ रहेको छ।

ख. रामप्रसादराई गाँउकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि गाँउपालिका भरि लागु हुनेछ।

**२. विषय वा प्रसँगले अर्को अर्थ नलागेमा**

क. "कार्यविधि" भन्नाले बाँझो जग्गा व्यवस्थापन कार्यान्वयन कार्यविधि, २०८३ लाई सम्झनुपर्नेछ।

ख. "बाँझो जग्गा" भन्नाले परम्परागत रुपमा खेती भैरहेको तर कम्तिमा विगत दुई वर्ष देखि खेती नगरी बाँझोरहेको जग्गालाई सम्झनुपर्दछ।

ग. "किसान (कृषक) "भन्नाले कुनै पनि खेती गर्न चाहने व्यक्ति, तथा सहकारी समूहलाई सम्झनुपर्दछ।

घ. "व्यावसायीक खेती" भन्नाले परम्परागत खेती भन्दा माथि उठी आयआर्जनमुखि व्यबसायिक नगदे खेतीलाई सम्झनुपर्दछ।

ङ. "फलफूल" भन्नाले सुन्तला, कागती, लगायत विभिन्नजातका फलफूललाई सम्झनुपर्दछ।

च. "तरकारी भन्नाले आलु, फर्सी, तितेकरेला, घिरौला, टमाटर, काउली, ब्रन्दा, प्याज, हरियो कोसासिमी, हरियो कोसाबोडी आदि सम्झनुपर्दछ।

च. "मसलाबाली" भन्नाले अदुवा, वेसार, धनियाँ, अलैची, खुर्सानी आदी सम्झनुपर्दछ।

छ. "अन्नबाली "भन्नाले धान, मकै, गहुँ, कोदो, जौ, फापर आदी सम्झनुपर्दछ।

ज. "दलहन "भन्नाले मास, भटमारा बोडी, मसुरो, मुङ रहर, गहत, आदी सम्झनुपर्दछ।

झ. "पशुपंक्षी" भन्नाले व्यावसायीक गाईपालन, भैसीपालन, बाख्रापालन, कुखुरापालन, हाँसपालन, माछापालन, टर्कीपालन, बट्टाईपालन आदीलाई सम्झनुपर्दछ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

प्रदिप राई
प्रमुख प्रशासकिय अधिकृत

ञ. "चरन विकास भन्नाले वस्तुभाउको आहाराको लागि उत्पादन गरीने आहारा घाँस आदिलाई सम्झनुपर्दछ।

ट. "स्थानीय तह भन्नाले रामप्रसादराई गाँउपालिका सम्झनु पर्दछ।

ठ. "अनुदान" भन्नाले बाँझो जमिन व्यवस्थापन गर्नको लागि सम्पन्न गरिने कुनै प्रकारको कृषिजन्य क्रियाकलाप गरे बापत रामप्रसादराई गाँउपालिकाबाट किसानलाई दिईने रकम सम्झनुपर्दछ।

**३. कार्यविधिको उद्देश्य:**

यस कार्यविधिको उद्देश्यहरु देहायबमोजिम रहेका छन्।

क. खेतीयोग्य जमिन बाँझिएर गइरहेकोमा उक्त उर्वर भूमिको अधिकतम सदुपयोग गर्ने।

ख. रामप्रसादराई गाँउपालिकालाई खाधान्न, ताजा मौसमी तथा बेमौसमी तरकारी, ताजा फलफूल, दाल, मसलाबाली तथा दुध,मासु, अण्डामा आत्मनिर्भर बनाउँदै लैजाने।

ग. रामप्रसादराई गाँउपालिकाका कृषक तथा युवाशक्तिका लागि व्यावसायीक कृषि मार्फत रोजगारीका अवसर सिर्जना गर्ने।

घ. रामप्रसादराई गाँउपालिकाका कृषकहरुलाई व्यबसायीक बनाउँदै लैजाने।

ङ. रामप्रसादराई गाँउपालिकाका बेरोजगारीको चपेटामा परेका बा बसाँइसराइको तैयारीमा रहेका युवाशक्तिलाई व्यावसायीक कृषिमा आकर्षित गरी यस गाँउपालिकामा टिक्ने वातावरण मिलाउने।

च. विदेशबाट फर्किएका युवाशक्तिका लागि व्यावसायीक कृषि/पशुपालन व्यवसायतर्फ आकर्षित गर्ने

**४. कार्यक्रमको अपेक्षित प्रतिफल:**

यस कार्यविधिको कार्यान्वयनबाट देहाय बमोजिमको उपलब्धिको अपेक्षा गरिएको छ।

क. बाँझो जग्गाको अधिकतम उपयोग हुनेछ।

ख. स्वरोजगारीको अबसर सिर्जना हुनेछ।

ग. खाद्यान्न, तरकारी, मसला बाली, फलफूलको उत्पादनमा वृद्धि भई आयतमा प्रतिस्थापन हुनेछ, जसबाट यस रामप्रसादराई गाँउपालिकाका क्रमशः आत्मनिर्भरतातर्फ अग्रसर हुनेछ।

घ. किसान (कृषक) हरु प्रोत्साहित भई व्यावसायीक कृषि क्षेत्रमा आकर्षित हुनेछन्।

ङ. युवाशक्ति रोजगारीको लागी देशको अन्य स्थान तथा विदेश पलायन हुन रोकिने छ।

**५. कार्यक्रम सञ्चालनको अवधारणा:**

यस कार्यक्रमको अवधारणा तपसिलबमोजिम रहेको छ।

क. खेतीयोग्य बाँझो जग्गालाई अधिकतम उपयोग गरी आय- आर्जनमा वृद्धि गर्ने उद्देश्यका साथ प्राथमिकतामा परेको कृषि क्षेत्रको विनियोजित रकम र आवश्यक परे अन्य शिर्षकबाट रकमान्तरगरी आवश्यक रकम खर्च गर्ने गरी यो कार्यविधि निर्माण गरी बाँझो जग्गा व्यवस्थापन गर्ने रणनिति तय गरीएको छ।

ख. यो कार्यक्रम यस आ.व.२०८३/८४ देखि सञ्चालन गरीने छ र आवश्यकता अनुसार प्रभावकारिता हेरी यस कार्यक्रमलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिन सकिनेछ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

प्रदिप राई
प्रमुख प्रशासकिय अधिकृत

ग. यस कार्यक्रम अन्तर्गत व्यक्ति वा समुहको निजी जमिन, अर्को व्यक्ति वा समुहबाट लिज वा भाडामा लिइएको जमिन वा रामप्रसादराई गाँउपालिकाका मार्फत निजमा लिइएको जमिन समेटिने छ तर २ वर्ष यता उत्पादनविहीन बाँझो जग्गाको अधिकतम प्रयोगको रणनिति रहेकोछ।

घ. यस कार्यविधिअनुसार उपयोगमा आउन बाँकी रहेको बाँझो जग्गाको सर्न्दभमा बाँझो रहनुको कारण समेतको आधारमा आगामी आ.व. देखि बाँझो जग्गामा करको दर बढाईनेछ।

ङ. यस कार्यविधि अनुसारको कार्यक्रम कार्यान्वयन प्रत्येक वडा कार्यालयको सिफारिसमा कार्यालयमार्फत गरीनेछ।

## ६. बाँझो जग्गाको उपयोगः

सम्बन्धित वडा यस कार्यक्रम अन्तरगत बाँझो जग्गालाई तपसिल अनुसार उपयोग गर्न सकिनेछ।

क. मौसमी तथा बेमौसमी व्यावसायीक तरकारी खेती

ख. व्यावसायीक फलफूल बगैंचा

ग. व्यावसायीक मसला खेती स्थापना

घ. चक्लावन्दी आधुनिक वीउ उत्पादन वा अन्नखेती

ङ. व्यावसायीक दलहन खेती

च. व्यावसायीक नगदेबाली खेती

छ. व्यावसायीक मौरी चरन

ज. व्यावसायीक पशुपालन तथा चरन विकास खेती I

झ. व्यावसायीक रेशमखेती

ञ. व्यावसायीक च्याउखेती।

ट पार्क र फलफूल बगैंचा

ठ. कृषि पर्यटन सम्बन्धी अन्य योजना

ड. पुष्प बगैंचातथा व्यावसायीक पुष्पखेती, नर्सरी

द. व्यावसायीक माछा, हाँसपालन

## ७. अनुदान सम्बन्धी व्यवस्थाः

यस कार्यक्रम अन्तर्गत बाँझो जग्गा उपयोग गर्नको लागी यस आ.व. देखि जमिन उपयोगमा आएको पहिलो वर्षका लागी रामप्रसादराई गाँउपालिकाको तर्फबाट तपसिल अनुसारको अनुदान सहयोग दिइनेछ।

क. व्यावसायीक सुन्तला, कागतीजातका फलफूल तथा अन्य फलफूल खेतीको लागी प्रति रोपनी रु.३०००|-

ख. व्यावसायीक अन्नबालीको लागी प्रति रोपनी रु.२०००|-

ग. व्यावसायीक मसलाबालीको लागी प्रति रोपनी रु. २०००|-

घ. व्यावसायीक दलहनबालीको लागी प्रति रोपनी रु. २०००|-

ङ. व्यावसायीक मौरीपालन चरन व्यवस्थापनको लागी प्रति रोपनी रु.२०००|-

च. व्यावसायीक रेशम खेतीको लागी प्रति रोपनी रु.२०००|-

छ. व्यावसायीक पशुपालनमा चरन विकास खेतीको लागीप्रति रोपनी रु.२०००|-

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

प्रदिप राई
प्रमुख प्रशासकिय अधिकृत

ज. व्यावसायीक च्याउको लागी प्रति रोपनी रु.२०००।-

झ. व्यावसायीक पुष्प बगैंचा तथा पुष्पको लागी प्रति रोपनी रु.२०००।-

ञ. व्यावसायीक कृषि पर्यटन सम्बन्धी अन्य कृषि योजनाको लागी प्रति रोपनी रु.२०००।-

ट व्यावसायीक माछा, हाँसपालनको लागी प्रति रोपनी रु.२०००।-

ठ. व्यावसायीक कृषि आदि अन्य खेती व्यवसायको लागी प्रति रोपनी रु.२०००।-

**८. निवेदन दिने स्थान र पेस गर्नुपर्ने कागजातहरु:**

१. सरकारी निकायमा दर्ता भएका सक्रिय कृषक वा कृषक समूह/कृषि सहकारी/कृषि फर्मले बाँझो जग्गामा खेतीगर्ने सम्बन्धी अनुसुचि - १ अनुसारको निवेदन सम्बन्धित वडा कार्यालयमा पेस गर्नुपर्नेछ।

२. निवेदन साथ निम्न अनुसारका कागजातहरु पेस गर्नुपर्नेछ।

क. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख. बाँझो रहेको जमिनको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

ग. लिज/भाडामा लिएको भए सोको सम्झौता पत्र

घ. जग्गा गत २ वर्ष देखि बाँझो रहेको भन्ने सम्बन्धी वडा कार्यालयबाट बाँझो खेती गर्ने जग्गाको चौकिल्ला सहितको सिफारिस पत्र।

ङ. बाँझो जग्गामा लगाइने बालीको क्षेत्रफल विवरण

च. बाली लगाउने व्यावसायीक योजना समेतको कार्य विवरण

**९. कार्यान्वयन प्रक्रिया:**

क. सुचना प्रकासित भएको १५ दिन भित्र कृषकले सम्बन्धित वडामा निवेदन पेस गर्नुपर्नेछ।

ख. निवेदन संकलन भएको ५ दिन भित्र सम्बन्धित वडाको सिफारिस सहित निवेदन र अनुसुचि -२ अनुसारको विवरण गाँउपालिका स्थित कृषि शाखामा पठाउनुपर्नेछ।

ग. विवरण प्राप्त भएको ४५ दिन भित्र कृषि प्राविधिकहरुले मुल्याङ्कन गरी अनुदानका लागि सिफारीस गरीनेछ।

घ. रामप्रसादराई गाँउपालिको कृषि शाखाका प्राविधिकहरुले सिफारिस गरेको ३० दिन भित्र अनुदान निकासा हुनेछ।

ङ. अनसूची- ३ अनुसार सम्झौता गरी रामप्रसादराई गाँउपालिकोको कार्यालयले अनुदान वितरण गर्नेछ। कनै कारणवश निवेदकले गलत विवरण पेस गरी अनुदान प्राप्त गरेमा रामप्रसादराई गाँउपालिकाको निर्णय गरे अनुसार कारवाही हुनेछ।

३. अनुदान प्राप्त कृषकले जुन प्रयोजनको लागी लिएको हो सो कार्य पुरा गर्नुपर्नेछ। अनुदान तोकिएको कार्यमा खर्च नभएको पाइएमा जरिमाना सहित अनुदान रकम रामप्रसादराई गाँउपालिकामा फिर्ता गर्नुपर्नेछ।

४. बाँझो जग्गा खन्ने जोत्ने कामको प्राविधिक इस्टिमेट/बाँझो जग्गा खनजोत भई बाली लगाएको वा पशुपालनको हकमा गोठटहरा बनाएको आधारमा प्राविधिक र रामप्रसादराई गाँउपालिकाको कार्यालयबाट अनुगमन गरी सकेपछि प्रतिवेदनको आधारमा रकम भुक्तानी गरिनेछ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

प्रदिप राई
प्रमुख प्रशासकिय अधिकृत

**१०. अनुगमनः**

क. यो अनुदान अर्न्तगतको काम सम्पन्न भए नभएको अनुगमनका लागि तपसिल अनुसारको अनुगमन समिति गठन हुनेछ।

रामप्रसादराई गाँउपालिका अध्यक्ष्य -संयोजक

रामप्रसादराई गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत- सदस्य

रामप्रसादराई गाँउपालिकाका सम्बन्धित वडाको वडा अध्यक्ष- सदस्य

रामप्रसादराई गाँउपालिकाका पशुसेवा शाखाका प्रमुख- सदस्य

रामप्रसादराई गाँउपालिकाका कृषि शाखाका प्रमख -सदस्य सचिव

ख. अनुगमन समितिद्वारा चालू आ.व. को चौमासिक रुपमा अनुगमन प्रतिवेदन रामप्रसादराई गाँउपालिकाको कृषि शाखामा पेस गर्नुपर्नेछ।

**परिच्छेद-३**

विविध

**११. प्रचलित कानुन लागू हुनेः**

यस कार्यविधिमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुनबमोजिम हुनेछ।

**१२. बाधा अड्काउ फुकाउः**

यस कार्यविधिको व्याख्यामा दुविधा भएमा रामप्रसादराई गाँउपालिकाको निर्णयका आधारमा समाधान गरिनेछ।

**बाँझो जग्गा व्यवस्थापन कार्यक्रम**

फलफूल/तरकारी/मसलाबाली/विकास/अन्नबाली/मौरीपालन चरन विकास/च्याउखेती/दलहनबाली/ रेशम खेती/पशुपालन तथा चरन पुष्प बगैंचा तथा पुष्पखेती/कृषि पर्यटन सम्बन्धी अन्य कृषि योजना/माछा, हाँसपालन/व्यावसायीक कृषि आदि अन्य खेति व्यवसाय कार्यक्रम।

**बाँझो जग्गा सम्बन्धी प्रस्तान आव्हान गरिएको सूचना।**

रामप्रसादराई गाँउपालिकाको आ.व.२०८३/८४ को नार्षिक स्वीकृत कार्यक्रम अनुसार बाँझो जग्गा व्यवस्थापनको लागी फलफूल / तरकारी/मसलाबाली/ अभभाली/मौरीपालन चरन विकास/ च्याउखेती /दलहनवाली / रेसम खेती/ पशुपालन तथा चरन विकास पुष्प बगैंचा तथा पुष्पखेती/कृषि पर्यटन सम्बन्धी बन्य कृषि योजना/माछा, हाँसपालन/व्यावसायीक कृषि आदि अन्य क्षेती व्यवसाय कार्यक्रमको माध्यगवाट बाँशोजग्गा व्यवस्थापन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक व्यावसायीक कृषकहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा सम्बन्धित बडा कार्यालयमा दरखास्त दिनुहुन अनुरोध छ।

पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्ख समेत यसै सूचनाद्वारा सूचित गरीन्छ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

प्रदिप राई
प्रमुख प्रशासकिय अधिकृत

तपशिलः

१- अनुसूची-१ अनुसारको आवेदन फाराम।

२- अनुसूची-२ अनुसारको संक्षिप्त कार्य योजना।

३- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

४- अन्य प्रमाणपत्रहरुको (विंषयगत तालिम, विषयगत शैक्षिक योग्यता, आदी पतिलिपि।

५ सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र

६ बाँझो रहेको जग्गाको जग्गाधनी प्रमाण-पत्रको प्रतिलिपि।

७- लिज भाडामा लिएको भए सम्झौताको प्रतिलिपि।

८ विवरण साँचो हो भनी बडा प्रतिनिधि सहितको चौकिल्ला खुल्ने मुचुल्का।

प्रदिप राई
प्रमुख प्रशासकिय अधिकृत

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

## अनुसूची-१

मितिः......................

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू

रामप्रसादराई गाँउपालिकाको कार्यालय

विषयः बाँझो जग्गा व्यवस्थापन अनुदान सम्बन्धमा ।

प्रस्तुत विषयमा म यसै रामप्रसादराई गाँउपालिकाको वडा नं....... को स्थायी बासिन्दा हुँ। त्यस कार्यालयको मितिः .................................. गतेको सूचना अनुसार बाँझो जग्गामा खेती गर्न अनुदानका लागि निवेदन माग भएकोगा तपसिलको विवरण सहित सो अनुदान रकम प्राप्त गर्न यो निवेदत्त पेस गर्दछु ।

विवरण:

१. बाँझो जग्गाको क्षेत्रफल :-

२. खेती गर्ने चाहेको बालीः फलफूल, तरकारी/मसलावाली/ अन्नवाली/ मौरीपालन चरन विकास/ च्याउखेती/ दलहनबाली/रेशम खेती/पशुपालन तथा परन विकास / पुष्प बगैंचा तथा पुष्पखेती/पि पर्यटन सम्बन्धि अन्य कृषियोजना/माछा, हाँसपालन/व्यावरा यीक कृषि आदि अन्य खेती व्यवसास

३. जग्गा धनीको नामथर

४. जग्गाको स्वामित्व :- आपने/भाडा/लिज

५. जग्गाको किसिमः-

उपर्युक्त अनुसारको विवरण ठिक साँचो हो झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

निवेदकको हस्ताक्षरः

नामः

ठेगानाः

संलग्लन कागजातहरुः

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१

२. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि-१

३. राम्बन्धित वडा कार्यालयको सिफारिस पत्र-१ र चौकिल्ला प्रमाणित समेतको मुचुल्का १

४. लिज/भाडागा लिएको सम्झौताको प्रतिलिपि-१

कृषि प्राविधिकको सिफारिस

निवेदक श्री..................................................................................को निवेदन अनुसार श्री...................................................................को नाममा रहेको क्षेत्रफलका खेत बारी / खेतीका लागी उपयुक्त रहेका छ ।

कृषि प्राविधिक

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

प्रदिप राई
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-२

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, मितिः
रामप्रसादराई गाँउपालिकाको , बैकुन्ठे भोजपुर।

बिषयः-विवरण पठाईएको बारे।

मिति ...............................को सुचना अनुसार बाँझो जग्गा व्यवस्थापन सम्बन्धी संकलन भएका निवेदनहरु पठाईएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | कृषकको नामथर | जग्गाको प्रकृति | लगाउने बाली | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

वडा सचिव
रामप्रसादराई गाँउपालिका
वडा न.

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

प्रदिप राई
प्रमुख प्रशासकिय अधिकृत

# अनुसूची ३

बाँझो जग्गा व्यवस्थापन कार्यक्रम फलफूल/तरकारी/मसलाबाली / अजवाली / मौरीपालन चरन विकास/ज्याउखेती / दलहनबाली/रेशम सेती / पशुपालन तथा चरन विकास/पुष्पवर्गेचा तथा पुष्पखेती/कृषि पर्यटन सम्बन्धी अन्य कृषि योजना/माछा, हाँसपालन/व्यावसायीक कृषि आदि अन्य खेती व्यवसाय कार्यक्रम सम्बन्धी अवधारणाको संक्षिश कार्य योजना व्यावसायीक कृषकको नाम यरः

ठेगानाः रामप्रसादराई गाँउपालिका वडा नं.            गाउँ/टोलः            जिल्लाः

संचालन गर्न खोजेको सम्बन्ध व्यवसाय स्थानः....

सहयोग स्वरुप गाग गरेको अनुदान रकन लगानी:-

आफ्नो लगानीः

आफ्नो पारिवारिक भगको मूल्यः

व्यवसायवाट उत्पादन हुने तरतुः

उत्पादित कृषि वरतुको परिमाणः

बजारयोग्य परिमाणः

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन

फर्म/समूह/समिति/राहकारीको नामः

सम्पर्क नम्बरः            ठेगानाःगाउँ/टोलः            जिल्ला

बाँझो जग्गा व्यवस्थापन गरीन स्थानः

संचालन गरीने कार्य विवरणः

| क्र.स. | संचालन गरिने क्रियाकलाप | अनुदान रकम | निजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |

व्यवसाय गरेको भए, विगत कति वर्ष देखि.........................निरन्तर गरी रहेको ? वर्ष महिना

व्यवसायको लागि श्रमको व्यवस्थापनः क) पारिवारिक ख) बाहिरबाट ग) दुवै

कार्य योजनाको तर्फबाट सही गर्नेको नामः

संस्थाको छापः (संस्थाको हकमा)

पदः

दस्तखतः

मितिः

प्रदीप राई
प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची-४

बाँझो जग्गा व्यवस्थापन कार्यक्रम फलफूल / तरकारी/मसलाबाली/ अन्नवाली / मौरीपालन चरन विकास/ च्याउखेती / दलहनवाली / रेशम खेती / पशुपालन तथा चरन निकास/ पुष्प बगैंचातया पुष्पखेती/कृषि पर्यटन सम्बन्धी अन्य कृषि योजना/गाद्या, हाँसपालन/व्यावसायीक कृषि आदि अन्य खेती व्यवसाय कार्यक्रम लागि गरिने।

## सम्झौता-पत्र

रामप्रसादराई गाँउपालिका भोजपुर द्वारा संचालन गरीने चालू आ.ब.२०८३/८४ को स्वीकृत बाँझो जग्गा व्यवस्थापन कार्यक्रम संचालन गर्न रामप्रसादराई गाँउपालिका (यस भन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका व्यावसायीक कृपक श्री/सुश्री/श्रीमती................. (यस भन्दा पछाडि दोश्रो पक्ष भनिने। बीच तपसिलका सर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहगति भएको छ।

१. पहिलो पढाले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसारर किस्तामा/कार्यविधिअनुसार सामायी वा सोझै नगर/चेक अनुदान स्वरुप तेथी पढाकी रोहबरमा
उपलब्ध गराउनेछ।

२द्रोश्रो पक्ष पहिला पनवाट आवश्यक प्राविधिक ज्ञान प्राप्त गरी आफूले आवेदन गरे अनुसारको.
व्यवसाय संचालन गर्नेछ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछ।

४. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सको कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ।

५.यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुनबमोजिम हुनेछ।

| पहिलो पक्ष | द्रोश्रो पक्ष |
|---|---|
| रामप्रसादराई गाँउपालिकाको तर्फवाट सहि गर्नेको | व्यावसायीक कृषक वा संस्थाको तर्फबाट सहीगर्नको |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः- | मितिः- |
| कार्यालयको छापः | औंठाको छाप |

दा. वा.

फोन नं.

संस्थाको छाप

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

प्रदिप राई
प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची-५

बाँझो जग्गा व्यवस्थापन कार्यक्रम फलफूल / तरकारी / गसलाबाली/अन्नबाली / मौरीपालन चरन विकास/च्याउखेती/दलहनवाली / रेशम खेती / पशुपालन तथा चरन विकास/ पुष्प वगैचा तथा पुष्पखेती/कृषि पर्यटंन सम्बन्धी अन्य कृषि योजनाच्यावसायीक कृषि आदि अन्य खेती व्यवसाय कार्यक्रमको प्रगती विवरण पठाउने फारामको ढाँचा

१. व्याबसायीक कृषकको

नामः ठेगानाः

२. संचालित व्यवसायको

नामः ठेगानाः

३.आ.व. ४. प्रगति प्रतिवेदन अवधिः

| क.सं. | कार्य विवरण | एकाई | लक्ष्य | प्रतागी | आई परेका अड्चनहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

प्रति एकाइ उत्पादित पदार्थका स्थानीय बजारका बिक्री मूल्यः

व्यावसायीक कृषक उच्चनीको नामः

दस्तखतः

मितिः

ठेगानाः

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैंकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

प्रदिप राई
प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची-६

बाँझो जग्गा व्यवस्थापन कार्यक्रम फलफूल/तरकारी/गसलाबाली/अन्नवाली/मौरीपालन विकास/च्याउखेती / दलहननाली / रेशम खेती / पशुपालन तथा चरन विकास / पुष्प बगैंचा तथा पुष्प खेती/कृषि पर्यटन सम्बन्धी अन्य कृषि योजना व्यावसायीक कृषि आदि अन्य खेती व्यवसाय

कार्यक्रमको प्रस्ताव मूल्याङ्कन फाराम

मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्न)

| क्र.स. | दर्ता नं. | आवेदकको नाम | ठेगाना | कृषि व्यवसाय प्रतिको अनुभव तालीम(३०) | पेस गरेको कार्ययोजना(४०) | उक्त स्थानमा व्यवसायको सम्भावना तथा उपयुक्तता(१५) | वास्तवि क लक्षित वर्ग(१५) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरूको नाम, थर, पद, दस्तखत र मिति

सि.नं. नाम थर पद सम्पर्क नं. दस्तखत मिति

१

२

3

४

५

प्रमाणीकरण मिति:-२०८२...........,

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

आज्ञाले

प्रदिप राई

प्रमुख प्रशासकीय अधिकृत

प्रदिप राई

प्रमुख प्रशासकिय अधिकृत